अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।१७ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिकाको आ.व.२०७९/०८० को योजना बमोजिम पशुपंक्षीलाई खोप भ्याक्सिन तथा औषधी वितरणको लागि गाउँपालिकाबाट रकम विनियोजन भएकोमा गाउँपालिकाको पशु शाखामा कार्यरत कर्मचारीले कार्यक्रम सञ्चालनका बखत घुस/रिसवत लिएको हुँदा कारवाही हुन भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **मर्चवारी गाउँपालिकाका पशु शाखा प्रमुख रामचन्द्र भुषाल**ले आफ्नो प्रत्यक्ष संलग्नता रहेका कार्यक्रमहरुमा सप्लार्यसको रुपमा कार्यादेश पाएको बुद्ध भेट सेन्टर तथा उक्त भेट सेन्टरका प्रोपाइटर लक्ष्मी बस्यालबाट पशु सेवा सम्बन्धी कार्यक्रम प्राप्त गर्न, प्रगति प्रतिवेदन पेश गर्न, भुक्तानीको सिफारिस लगायतको सहजीकरण गरेवापत बुद्ध भेट सेन्टरको बैंक खाताबाट रु.४,००,०००।—घुस/रिसवत लिएको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.४,००,०००।—(चार लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम बिगो जफत हुन मागदाबी लिइएको छ।

बुद्ध भेट सेन्टर तथा उक्त भेट सेन्टरका प्रोपाइटर लक्ष्मी बस्याललेे मर्चवारी गाउँपालिका अन्तर्गतको पशु सेवा सम्वन्धी कार्यक्रम प्राप्त गर्न, प्रगती प्रतिवेदन पेश गर्न, भुक्तानीको सिफारिस लगायतको सहजीकरण गरेवापत बुद्ध भेट सेन्टरको बैंक खाताबाट मर्चवारी गाउँपालिकाका पशु शाखा प्रमुख रामचन्द्र भुषाललाई रु.४,००,०००।—घुस/रिसवत दिएको पुष्टि भएको हुँदा बुद्ध भेट सेन्टर तथा उक्त भेट सेन्टरका प्रोपाइटर लक्ष्मी बस्याललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रु.४,००,०००।—(चार लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम बिगो जफत हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल